निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

मिति : २०७३/११/१२

प.सं. च.नं./Ref:

# प्रेस विज्ञप्ति

(१) निर्वाचन आयोगले आज मिति २०७३/११/१२ गते चार वटै सुरक्षा निकायका प्रमुख/प्रतिनिधिसहित सम्बन्धित मन्त्रालयका सचिवज्यूहरूलाई आमन्त्रण गरी आगामी २०७४ वैशाख ३१ गते सम्पन्न गरिने स्थानिय तहको निर्वाचन भयरहित, स्वतन्त्र, निष्पक्ष, विश्वसनीय तथा सौहार्दपूर्ण वातावरणमा सञ्चालन गर्न अपनाउनु पर्ने सुरक्षा व्यवस्था बारे छलफल गरेको छ । छलफलमा मा.प्रमुख निर्वाचन आयुक्त तथा मा. निर्वाचन आयुक्तहरू इला शर्मा, नरेन्द्र दाहाल, इश्वरी प्रसाद पौड्याल र सुधीर कुमार शाहसहित गृह सचिव श्री लोकदर्शन रेग्मी, रक्षा सचिव श्री श्रीधर सापकोटा तथा निर्वाचन आयोगका सचिव श्री गोपीनाथ मैनालीसहित सुरक्षा निकायका उच्च पदस्थ कर्मचारीहरूको उपस्थिति रहेको थियो ।

छलफलको क्रममा मा.निर्वाचन आयुक्त श्री सुधीर कुमार शाहले वर्तमान स्थानीय तहको निर्वाचनमा सुरक्षाको आवश्यकता बारे प्रकाश पार्दै सुरक्षा निकायहरूले सुरक्षा योजना बनाउँदा सुरक्षा विश्लेषण, सुरक्षा दिनुपर्ने व्यक्ति र स्थान, सुरक्षा जोखिमका क्षेत्र, सुरक्षा जनशक्ति र सुरक्षा बन्दोवस्ती जस्ता विषयहरूमा ध्यान दिन आग्रह गर्नु भएको थियो । कार्यक्रमा गृह सचिव श्री लोकदर्शन रेग्मीले गृह मन्त्रालय र अन्तर्गतका सम्पूर्ण सुरक्षा निकायहरू स्थानीय तहको निर्वाचनमा सुरक्षा तयारीमा निरन्तर लागिरहेको र तुरुन्तै समग्र सुरक्षा तयारी खाका तयार गरिने जानकारी दिनु भयो । रक्षा सचिव श्री श्रीधर सापकोटाबाट नेपाली सेनालाई प्राप्त हुने जिम्मेवारी सेनाले पुरा गर्ने प्रतिवद्धता व्यक्त गर्नु भएको थियो ।

सो अवसरका मा.प्रमुख निर्वाचन आयुक्त डा.अयोधीप्रसाद यादवले एकै चरणमा सञ्चालन गर्न लागिएको स्थानीय तहको निर्वाचनलाई भयरहित वातावरणमा सञ्चालन गर्न सुरक्षाकर्मी राजनीतिक पूर्वाग्रहबाट मुक्त भई उच्च मनोवल तथा जिम्मेवारीकासाथ काम गर्नुपर्ने आवश्यकता औंल्याउदै शान्ति सुरक्षा कायम गर्न केन्द्र तथा जिल्लास्तरमा समेत संयुक्त निर्वाचन सञ्चालन केन्द्र (JEOC) स्थापना गरी काम गर्ने तयारी गरिएको जानकारी दिनु भयो ।

(२) त्यसै गरी आज अपरान्ह आयोगमा नेपालस्थित विदेशी कुटनैतिक नियोगका प्रमुख तथा प्रतिनिधिहरू एवं संयुक्त राष्ट्र संघीय नियोग तथा विकास साझेदारहरूसँग स्थानीय निर्वाचन सम्बन्धी एक अन्तरक्रिया कार्यक्रम आयोजना गरिएको थियो ।

कार्यक्रमा स्थानीय तहको निर्वाचनसम्बन्धी कानूनी र संवैधानिक व्यवस्था बारे जानकारी दिंदै आसन्न स्थानीय तहको निर्वाचन सञ्चालन गर्न आयोगले गरिरहेको तयारी बारे आयोगका सहसचिव श्री नवराज ढकालबाट प्रस्तुतीकरण गरिएको थियो । अन्तरक्रिया कार्यक्रममा प्रमुख निर्वाचन आयुक्तसहित अन्य सबै निर्वाचन आयुक्तहरू, परराष्ट्र सचिव श्री शंकरदास बैरागी तथा आयोगका सचिवको समेत उपस्थिति रहेको थियो । अन्तरक्रियामा विदेशी कुटनीतिज्ञहरूले छोटो समयमा निर्वाचन सञ्चालन गर्दा आइपर्ने जोखिमका विषय, निर्वाचन पर्यवेक्षण तथा स्थानीय तह पुन:र्सरचना आयोगको प्रतिवेदन प्राप्त नभएको अवस्था बारे जिज्ञासा राख्नु भएको थियो । सो अवसरमा मा. प्रमुख निर्वाचन आयुक्त डा.अयोधीप्रसाद यादवज्यूबाट २० वर्ष पछि स्थानीय तहको निर्वाचनमा देश अगाडि बढिरहेको हुँदा निर्वाचनलाई सफलतापूर्वक सम्पन्न गर्न अन्तर्राष्ट्रिय समुदायबाट पर्याप्त सहयोग र समर्थन हुन अनुरोध गर्नु भएको थियो ।

कान्तिपथ, काठमाडौं, नेपाल, फोन नं. (९७७-१) ४२२८६६३ । फ्याक्स: (९७७-१) ४२२९२२७
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 4228663, Fax: (977-1) 4229227
E-Mail: info@election.gov.np, Website: www.election.gov.np
"फोटो सहितको मतदाता नामावलीमा नाम दर्ता गरौ ।"

निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

प.सं. च.नं. / Ref:

निर्वाचन आयोग नेपाल २०२३

(३) संवत् २०७४ साल बैशाख ३१ गते हुन गइरहेको स्थानीय तहको निर्वाचन अवधिमा शान्ति सुरक्षाको देहायबमोजिमको विशेष व्यवस्था गर्न गराउन निर्वाचन आयोगले आजै गृह मन्त्रालयलाई अनुरोध गर्ने निर्णय गरेको छ ।

१. कानून बमोजिम हातहतियार लिन पाउने बाहेक अन्य कुनै पनि व्यक्तिले कुनै प्रकारको विस्फोटक पदार्थ वा रासायनिक पदार्थ वा विषालु पदार्थ वा लाठी, भाला खुकुरी बन्दुक, पेस्तोल वा त्यस्तै प्रकारका अन्य हातहतियार लिएर हिंडन, प्रदर्शन गर्न, प्रयोग गर्न वा गराउन नपाउने गरी नियन्त्रणको व्यवस्था मिलाउने ।

२. कानून बमोजिम अनुमति प्राप्त गरेका व्यक्तिका नाममा रहेको बन्दुक, पेस्तोल जस्ता हातहतियार निर्वाचन अवधिभर सम्बन्धित जिल्ला प्रशासन कार्यालयको मातहतमा राख्ने व्यवस्था मिलाउने ।

३. निर्वाचन अवधिभर अवैध मदिरा तथा मदिराजन्य पदार्थको उत्पादन र विक्रि वितरण कार्यमा पूर्ण बन्देज लगाउने गरी विशेष व्यवस्था गर्ने ।

४. केही सार्वजनिक (अपराध र सजाय) ऐन, २०२७ को व्यवस्था बमोजिम निर्वाचन विथोल्न सक्ने आपराधिक चरित्रका शंकास्पद व्यक्तिहरूलाई प्रहरी निगरानीमा राखी आवश्यकता अनुसार नियन्त्रण गर्ने ।

११।१२

(सूर्य प्रसाद शर्मा)
सहसचिव एवं प्रवक्ता

कान्तिपथ, काठमाडौं, नेपाल, फोन नं. (९७७-१) ४२२८६६३ । फ्याक्स: (९७७-१) ४२२९२२७
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 4228663, Fax: (977-1) 4229227
E-Mail: info@election.gov.np, Website: www.election.gov.np
"फोटो सहितको मतदाता नामावलीमा नाम दर्ता गरौं ।"